**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अत्तरिया, कैलाली**
**७ नं. प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी २१ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०३/४ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५९, ६०, ६१ र ६४ (ग) मा भएको व्यवस्था बमोजिम स्थानीय राजश्व परामर्श समितिको सिफारिशमा नगर कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी काम आ.व. २०७५/०७६को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र गोदावरी नगरकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | कूल न्यूनतम अङ्क (कर तथा भ्याट बाहेक) रु. | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|
| १-२०७४/७५ | बहाल विरौटी शुल्क | १०,००,०००।- (दश लाख) | १०००।- | कबोल अंकको ५% |
| २-२०७४/७५ | पार्किङ शुल्क (अत्तरिया बस पार्क) | ६०,००,०००।- (साठी लाख) | ३०००।- | कबोल अंकको ५% |
| ३-२०७४/७५ | कवाडी कर | ५,५०,०००।- (पाँच लाख पचास हजार) | १०००।- | कबोल अंकको ५% |
| ४-२०७४/७५ | काष्ठ तथा गैह्रकाष्ठ बन पैदवार तथा जडीबुटी निकासी कर | रु. ५,००,०००।- (पाँच लाख) | १०००।- | कबोल अंकको ५% |
| ५-२०७४/७५ | जिवजन्तु तथा जिवजन्तुजन्य पदार्थ निकासी कर | रु. ५,००,०००।- (पाँच लाख) | १०००।- | कबोल अंकको ५% |
| ६-२०७४/७५ | विज्ञापन कर | आ.व. ०७५/७६ देखी आ.व. ०७७/७८ सम्म जम्मा ३ वर्षका लागी प्रत्येक आ.व.मा रु. ५ लाख, रु. ६ लाख र रु. ७ लाख । | १०००।- | कबोल अंकको ५% |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. ठेक्का अवधि २०७५ सालको श्रावण १ गते देखि २०७६ साल असार मसान्त सम्म रहनेछ ।
२. बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्का नं. ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।
३. कबोल रकम अंक र अक्षरमा प्रष्ट गरी तोकिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
४.माथि उल्लेखित सबै ठेक्काहरु कबोल अङ्को थप मुल्य अभिवृद्धि कर (१३%) राजश्व ठेक्का लिने फर्मले सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
५.धरौटी वापत कबोल गरेको अङ्को ५ प्रतिशत रकम यस कार्यालयको एन.आई.सी अत्तरिया, कैलाली स्थित धरौटी खाता चल्ती हिसाव नं. ७१४१४९८६२२५२४००१ ग ३ धरौटी खातामा मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको मान्यताप्राप्त बैंकको जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ ।
६.प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रीम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिईने छैन । बोलपत्र खरिद गर्दा नियामानुसार

लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको एन.आई.सी एसिया, कैलाली शाखामा रहेको मूल खाता नं. ७१४१४९८६२२५२४००४ ग ४ संचित कोषमा रकम जम्मा गरेको भौचर वा कार्यालयको राजश्य शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

७. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्र दिदा कुनै किसीमको शर्त मान्य हुने छैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

९. ठेक्कामा कुनै विवाद भएमा गोदावरी नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गरी २२ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ साथै उक्त सूचना गोदावरी नगरपालिकाको सूचना पाटी र वेभसाईट WWW.godawarimunkailali.gov.np मा राखिएको छ । प्राप्त बोलपत्रहरु सोही दिनको २ बजे गोदावरी नगरपालिकाको कार्यालयमा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

११. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोली पल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिने छ ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागू हुनेछ ।

१३ यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन ।

१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु :**

१.बुँदा नं. ७ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बुझाई बाकी रकमको ठेक्का अवधिमा १ महिना थप सम्म मान्य अवधी रहेको गोदावरी नगरपालिकाको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त “क” वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र | कबोल अङ्कको ३० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अङ्कको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०७६ जेठ मसान्त सम्म | कबोल अङ्कको बाँकी ३० प्रतिशत रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले गोदावरी नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने विक्रि तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाईएमा नियामानुसार कारवाही हुनेछ ।

४.माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम वक्रि तथा निकासी आए खातामा मु.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद अर्ध वार्षिक रुपमा यस न.पा. मा बुझाउनु पर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्धारा तोकिएको संलकन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साईन बोर्ड सबैले देखिने गरी सम्बन्धीत केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. ठेक्कामा कुनै विवाद भएमा नगरपालिका कार्यालयको निर्णय अन्तिम हुनेछ ।

७. न.पा लाई बुझाउनु पर्ने बाकी बक्यौता भएको वा कालो सूचीमा परेको व्यक्ती/फारमको बोलपत्र स्विकृत गरिने छैन ।

८. ठेकेदारले गोदावरी नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

९. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाँट तगारो राखि कर संकलन गर्न पाईने छैन ।